स्थानः बैठक कक्ष

समयः बेलुका ३.३० बजे

आज मिति २०८१/०७/०६ गतेका दिन सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको बैठक सन्धिखर्क नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद श्रेष्ठको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो।

आर्थिक वर्ष २०८१/८२ कार्यपालिका बैठक संख्या:०५

| क्रम सङ्ख्या | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| २. | सदस्य | श्री मिश्रा आचार्य | |
| ३. | सदस्य | श्री माधव श्रेष्ठ | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री जम्शेर मियाँ | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री ऋषव अधिकारी | |
| ८. | सदस्य | श्री श्रीधर महत्रा क्षेत्री | |
| ९. | सदस्य | श्री चुरा बहादुर के.सी | |
| १०. | सदस्य | श्री हुम प्रसाद बन्जाडे | |
| ११. | सदस्य | श्री पदम बहादुर भुसाल | |
| १२. | सदस्य | श्री मोहन सिंह ठकुरी | |
| १३. | सदस्य | श्री चेत नारायण आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री सीता बस्नेत | |
| १६. | सदस्य | श्री लिला भुसाल | |
| १७. | सदस्य | श्री कृष्णा भुसाल क्षेत्री | |
| १८. | सदस्य | श्री शारदा परियार | |
| १९. | सदस्य | श्री मान बहादुर सुनार | |
| २०. | सदस्य | श्री सुरज वि.क. | |
| २१. | सदस्य | श्री बसन्त नेपाली | |
| २२. | सचिव | श्री खिमानन्द भुसाल | |

CamScanner

मितिः २०८१/०७/०६

आर्थिक वर्ष २०८१/८२ बैठक सङ्ख्या ५

निर्णयहरू

५.१ सन्धिखर्क नगरपालिकामा विभिन्न कार्यक्रम अन्तर्गत विभिन्न पदहरू रिक्त रहेकोले देहाय बमोजिम हुने गरी पदपूर्ति गर्ने प्रक्रिया अगाडि बढाउने ।

५.१.१ रोजगार संयोजक पदपूर्तिका लागि रोजगार संयोजक पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को दफा ६ बमोजिम देहाय बमोजिमका पदाधिकारीहरू रहेको पदपूर्ति समिति गठन गरी रोजगार संयोजक पदपूर्ति गर्ने प्रक्रिया अगाडि बढाउने ।

तपसिल

(क) संयोजक श्री तारा प्रसाद भुसाल सेवा निवृत उपसचिव (पेन्सन सङ्केत नम्बर १४९९९) स्थायी ठेगाना सन्धिखर्क -१०,

(ख) सदस्य श्री मञ्जु खनाल शाखा अधिकृत विषय विज्ञ,

(ग) सदस्य-सचिव श्री खिमानन्द भुसाल प्रमुख प्रशासकीय अधिकृत,

५.१.२ स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०८१ को दफा ३ बमोजिम मूल्याङ्कन तथा सिफारिस समिति गठन गर्नेः-

(क) संयोजक श्री खिमानन्द भुसाल प्रमुख प्रशासकीय अधिकृत,

(ख) सदस्य डा. श्री हकिकत अलि पशु चिकित्सक श्री भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र अर्घाखाँची,

(ग) सदस्य-सचिव श्री नारायण खनाल शाखा प्रमुख पशु विकास शाखा ।

५.१.३ आप्रवासन स्रोत केन्द्र तर्फ जिल्ला संयोजक १ र रिटर्नी स्वयम सेवक २ जना पदपूर्ति गर्दा सन्धिखर्क नगरपालिकाको करार कर्मचारी व्यस्थापन गर्ने कार्यविधि, २०८१ को दफा ४ मा रहेको व्यवस्था बमोजिम पदपूर्ति समिति गठन गर्ने ।

(क) संयोजक श्री खिमानन्द भुसाल प्रमुख प्रशासकीय अधिकृत,

(ख) सदस्य श्री मञ्जु खनाल प्रशासन योजना तथा अनुगमन शाखा प्रमुख,

(ग) सदस्य जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि,

(घ) सदस्य विशाल महत सुचना तथा प्रविधि अधिकृत,

(ङ) सदस्य-सचिव श्री बाल बहादुर घर्ति क्षेत्री ।

५.२ सन्धिखर्क नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने, बाँगी र सन्धिखर्क नगरपालिका र छत्रदेव गाउँपालिकाको सिमानामा रहेको जरे खोलाका विभिन्न बगरघाट क्षेत्रहरूबाट नदीजन्य पदार्थ उत्खनन् सङ्कलन तथा बिक्रीका लागि सन्धिखर्क नगरपालिकाबाट नियुक्त परामर्शदाता श्री R.E.E.S कन्सल्टेन्सी नयाँ बानेश्वर काठमाडौंबाट पेस भएको प्रतिवेदन माथि छलफल भयो । सो सन्दर्भमा उक्त प्रतिवेदन मिति २०८१/०७/०६ गतेका दिन सन्धिखर्क नगरपालिकाको सङ्क्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को दफा १४ को उपदफा (१) बमोजिम गठित प्राविधिक समितिबाट अध्ययन सहित समसामयिक परिमार्जन गरी स्वीकृतिका लागि सिफारिस भई आएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

०८१/०७/०६
नगर प्रमुख

५.३ सन्धिखर्क नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने बाँगी र सन्धिखर्क नगरपालिका र छत्रदेव गाउँपालिकाको सिमाना भएर बग्ने जरेखोलाको नदीजन्य पदार्थ उत्खनन् सङ्कलन र बिक्री वितरण सम्बन्धमा देहाय बमोजिम हुने गरी आ.व. २०८१/८२ को लागि ठेक्का व्यवस्थापनको प्रक्रिया अगाडि बढाउने ।

५.३.१ सन्धिखर्क नगरपालिकाको बाँगी खोला र सन्धिखर्क नगरपालिका र छत्रदेव गाउँपालिकाको सिमाना भएर बग्ने जरेखोलाबाट आ.व.२०८१/८२ मा नदीजन्य पदार्थ उत्खनन् सङ्कलन तथा बिक्री लागि तयार भएको कार्ययोजना स्वीकृत गर्ने,

५.३.२ सन्धिखर्क नगरपालिकाबाट प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले तोकेको परिमाणमा नदीजन्य पदार्थ बिक्रीका लागि ठेक्का व्यवस्थापन गर्न जिल्ला स्तरीय अनुगमन समितिबाट अनुगमन हुन लेखी पठाउने र जिल्ला स्तरीय अनुगमन समितिबाट अनुगमन प्रतिवेदन लिइ प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले तोकेको परिमाणमा नदीजन्य पदार्थ उत्खनन् सङ्कलन तथा बिक्रीको प्रक्रिया अगाडि बढाउने,

५.३.३ प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले वडा नं १ र २ सन्धिखर्क र चुत्रावेशी बजार जोड्ने क्जवे बाँगी घोचे संगममा रहेको नदीजन्य पदार्थ हटाउने विषयमा संभावित जोखिमलाई न्यूनिकरण गर्न जिल्ला विपद् व्यवस्थापन समितिको अनुमति लिई हे.भी मेशिनको प्रयोग गरी नदीजन्य पदार्थ हटाउन सकिने भनी सिफारिस गरेको हुँदा उल्लिखित क्षेत्र विन्दुबाट ८३१.२ घन मिटर नदीजन्य पदार्थ हटाउने अनुमतिका लागि जिल्ला विपद् व्यवस्थापन समितिमा लेखि पठाउने,

५.३.४ बाँगी खोलाको नदीजन्य पदार्थ उत्खनन् सङ्कलन तथा बिक्रीका लगि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले तोकेका क्षेत्रविन्दुबाट नदीजन्य पदार्थ उत्खनन् सङ्कलन तथा बिक्रीका लागि बाँगी खोला नौलापानी देखी बेलाहाको तल्लो तटीय क्षेत्रसम्म ११ वटा बगरघाट क्षेत्रविन्दुबाट उत्खनन् सङ्कलन तथा बिक्रीका लागि सिफारिस गरेको ७९८३.६ घन मिटर (२८१[illegible]०। घनफुट) को कर (मूल्य अभिवृद्धि र अग्रिम आयकर) बाहेकको रु १६,९१,[illegible] (सोह्र लाख एकानब्बे हजार ~~तिनसय बयालिस~~ चारसयपान्च) मात्र न्यूनतम अङ्क कायम गरी ठेक्का व्यवस्थापन गर्ने प्रक्रिया अगाडि बढाउने,

५.३.५ जरेखोलाको नदीजन्य पदार्थ उत्खनन् सङ्कलन तथा बिक्रीका लगि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले तोकेका क्षेत्रविन्दुबाट नदीजन्य पदार्थ उत्खनन् सङ्कलन तथा बिक्रीका लागि मिलमिले पुल माथिल्लो क्षेत्र सिमलको रूख नजिक देखी एक्ले आँप सम्मका ९ वटा बगरघाट क्षेत्रविन्दुबाट उत्खनन् सङ्कलनका लागि सिफारिस गरेको ५८४५.६ घन मिटर (२०६४०८। घनफुट) को कर (मूल्य अभिवृद्धि र अग्रिम आयकर) बाहेकको रु १२,३८,४४९। (बाह्र लाख अठतिस चारसय उनन्पचास) मात्र न्यूनतम अङ्क कायम गरी ठेक्का व्यवस्थापन गर्ने प्रक्रिया अगाडि बढाउने।

५.४ सन्धिखर्क नगरपालिकाको फोहरमैला व्यवस्थापनका लागि सन्धिखर्क नगरपालिका र श्री रिमार्केवल विल्लडर्स, काठमाडौं बिच २०८० साल बैशाख १ गते देखि लागु हुने गरी आर्थिक वर्ष २०८३/८४ को असार मसान्तसम्म फोहर व्यवस्थापनको कार्य गर्न मिति २०७९/१२/१५मा भएको सम्झौताको विषयमा पटक/पटक यस पूर्वका कार्यपालिका बैठकहरुमा छलफल भई निर्णयमा नपुगेको विषयमा व्यापक छलफल भयो । सो सन्दर्भमा नगरपालिका र श्री रिमार्केवल विल्डर्स काठमाडौं बिच भएको सम्झौता बमोजिम कार्यान्वयन



प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

नभएकोले सम्झौताको सर्त भित्र रही श्री रिमार्केवल विल्डर्स र सन्धिखर्क नगरपालिका बिच भएको सम्झौता २०८१ साल कार्तिक १ गते देखि लागु हुने गरी भङ्ग गर्ने र सो सम्बन्धमा नगरपालिकाबाट अर्को व्यवस्था वा निर्णय नहुँदासम्म देहाय बमोजिम हुने गरी फोहरमैला व्यवस्थापको कार्य गर्ने,

५.४.१ श्री रिमार्केवल विल्डर्सलाई यस कार्यालयबाट उपलब्ध गराएको नगरपालिकाको जनशक्ति टिप्पर चालक १, सहचालक १, ट्याक्ट्रर चालक १ र ट्याक्ट्रर सहचालक १ गरी जम्मा ४ जना नगरपालिकाका कर्मचारी (सरसफाइ कर्मी) र फोहरमैला ढुवानी गर्ने ढुवानीका साधन सहित फिर्ता गरी यथावत रूपमा कामकाजमा लगाउने,

५.४.२ सन्धिखर्क नगरपालिकाले श्री रिमार्केवल विल्डर्सले कामकाजमा लगाएको जनशक्ति मध्ये ४ जना सरसफाई कर्मी र १ जना फिल्ड सुपरभाइजरलाई नगरपालिकाको आवश्यकता अनुसार ऐच्छिक रूपमा हाल गरिआएको कामकाज गर्न चाहेमा दुवै पक्षको समझदारीमा दैनिक ज्यालादारीमा कामकाजमा लगाउने सम्झौता गरी काममा लगाउने सोको लागि आवश्यक पर्ने पारिश्रमिक नगरपालिकाबाट भुक्तानी गर्ने । सो सम्बन्धमा आवश्यक निर्णयका लागि नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने ,

५.४.३ फोहरमैला प्रशोधन केन्द्रमा रहेको मल्चिङ् हुदै गरेको आश्विन मसान्तसम्मको प्राङ्गारिक मलको ल्याव परीक्षण गराई उक्त मल उपयुक्त देखिएमा नगरपालिकाले श्री रिमार्केवल विल्डर्सबाट पूर्ववत दरमा नै खरिद गरि लिने।

५.४.४ रिमार्केवल विल्डर्सले सम्झौता बमोजिम आ.व.२०८१/८२ मा नगरपालिकामा दाखिला गर्नुपर्ने कर सहितको कुल राजस्व रु १,२६,०७६ लाई (अक्षरुपी एक लाख छब्बिस हजार छयहत्तर) १२ महिनाले भाग गरी जम्मा तीन महिनाको हुन आउने राजस्व रु ३१,५१९।(एकतिस हजार पाँचसय उन्निस) मात्र यस कार्यालयमा दाखिला गर्न लगाउने।

५.४.५ श्रावण १ देखि २०८१ आश्विन मसान्तसम्मको सन्धिखर्क नगरपालिकाको आर्थिक ऐन, २०८१ मा उल्लेख भएको सरसफाई शुल्क श्री रिमार्केवल विल्डर्सले सङ्कलन गर्ने ।

५.५राजस्व परामर्श समितिको मिति २०८१/०५/२६ गतेका दिन बसेको बैठकबाट भएको निर्णय कार्यपालिका बैठकमा प्रस्तुत भई जानकारी भयो । राजस्व परामर्श समितिबाट जडिबुटी कबाडी र जीवजन्तु कर सङ्कलन बिक्री तथा निकासी र नगर क्षेत्रभित्र उत्पादन भई डिभिजन वन कार्यालयको छुट पुर्जीको आधारमा निकासी हुने काठ (सल्ला, खयर र अन्य कुकाठ) समेतका लागि कर बाहेकको न्यूनतम अङ्क रू. २०,५०,०००।(बिसलाख पचास हजार) मा २ पटक विद्युतीय बोलपत्र गर्दा पनि ठेक्का व्यवस्थापन नभएको र विज्ञापन करको लागि आर्थिक वर्ष २०८१/८२ देखि २०८३/८४ सम्मको लागि प्रति वर्ष रू ३ (तिन) लाख गरी तिन वर्षको रू ९ (नौ) लाख मात्र न्यूनतम अङ्क कायम गरी ठेक्का व्यवस्थापनको लागि सूचना गर्दा ठेक्का लाग्न नसकेको सोही विषयमा ठेक्का नं १/२०८१/८२ जडिबुटी कबाडी र जीवजन्तु कर सङ्कलन बिक्री तथा निकासी र नगर क्षेत्रभित्र उत्पादन भई डिभिजन वन कार्यालयको छुट पुर्जीको आधारमा निकासी हुने काठ (सल्ला खयर र अन्य कुकाठ) समेत का लागि रू १७,६०,०००। सत्रलाख साठी हजार र विज्ञापकर ठेक्का नं २/२०८१/८२ देखि २०८३/८४ सम्मको लागि प्रति वर्ष रू २ (दुइ) लाख २५ हजार गरी तिन वर्षको रू ६ (छ) लाख ७५ हजार मात्र न्यूनतम अङ्क कायम गरी ठेक्का व्यवस्थापनको प्रक्रिया अगाडि बढाएको विषय उपयुक्त रहेकोले उक्त निर्णय अनुमोदन गर्ने ।



प्रमुख प्रशासकीय अधिकृत

०८१/०८/०३ नगर प्रमुख

५.६ सडक बोर्ड नेपालको प.सं २०८१/८२ च.नं. ४४० मिति २०८१/०६/१३ को पत्रबाट चालु आ.व. २०८१/८२ को सडक बोर्ड नेपालबाट प्राप्त बजेट रू. ६१,००,०००।- (एकसठ्ठी लाख) मा नगरपालिकाको तर्फबाट रु.२६२००००।- म्याचिङ्ग गरी कुल रकम रु. ८७,२०,०००।(अक्षरेपी सतासी लाख बिस हजार रूपैयाँ) कायम गरी सडक बोर्ड नेपालको कार्यक्रम कार्यान्वयन मार्गदर्शन बमोजिम कार्य गर्ने गरी तपसिलमा उल्लिखित क्षेत्र भित्रका सडकहरू मर्मत सम्भार गर्ने ।

तपसिल

५.६.१ वडा नं १ र २ का बजार क्षेत्र भित्र रहेका पक्की सडक,हरूको मर्मत सम्भार, वडा नं ७ स्थित फुदवाङ्ग बजार भित्र रहेको साविकमा कालोपत्रे सडक मर्मत र वडा नं ८ र ११ का कच्ची सडक मर्मत सम्भार ।

५.७ सन्धिखर्क नगरपालिकाको आ.व. २०८१/८२ को वार्षिक नगर विकास योजनामा शहरी शासकीय तथा पूर्वाधार आयोजना तर्फका विनियोजित पूँजीगत तर्फका स्वीकृत योजनाहरूमा देहाय बमोजिम संशोधन गरी कार्यान्वयन गर्नेः-

देहायः-

| सि.नं | साबिकको योजनाको नाम | वडा नं. | वार्षिक बजेट रू. | संशोधन भई कायम भएको योजनाको नाम | वार्षिक बजेट रू. |
|---|---|---|---|---|---|
| १ | आँखा उपचार केन्द्र भवन निर्माण । | १ | १०००००० | आँखा उपचार केन्द्र भवन मर्मत तथा स्तरोन्नती । | १०००००० |
| २ | खोप केन्द्र भवन निर्माण। | १ | ६००००० | खोप केन्द्र निर्माण तथा स्तरोन्नती। | ६००००० |
| ३ | साविक पालि ९ मा भुतेका पँधेरा र पोखरा वारी हुदै माझगाउँ जाने बाटो ढलान । | ५ | ५००००० | बलेवाङ गाउँघर स्वास्थ्य क्लिनिक वाउड्री वाल तथा चौपारी ब्लक निर्माण । | ५००००० |
| ४ | खोप केन्द्र भवन निर्माण । | ५ | ६००००० | खोप केन्द्र निर्माण तथा स्तरोन्नती । | ६००००० |
| ५ | बलेवाङ आ. वि. छानो तथा शौचालय निर्माण लगायत । | ५ | ५००००० | बलेवाङ आ. वि. छानो मर्मत तथा कोठा ढलान शैचालय मर्मत र भवन माथि नाली निर्माण । | ५००००० |
| ६ | दिगो विकासशील युवा क्लवको अधुरो भवन तथा बाटो ढलान योजना । | ५ | ७००००० | दिगो विकासशील युवा क्लवको अधुरो भवन मर्मत, अर्लादी रिपाहा वाल पल्लोथुम भैसी पोखरा जाने गो.वा.ढलान तिर्थथुम तिजुपानी गो.वा. मर्मत र रानीपोखरी चौपारी तथा वाल प्लाष्टर । | ७००००० |
| ७ | भालुखोला खोप केन्द्र भवन निर्माण । | ७ | ६००००० | भालुखोला खोप केन्द्र निर्माण तथा स्तरोन्नती । | ६००००० |



प्रमुख प्रशासकीय अधिकृत

०८१।०८।०६

नगर प्रमुख

| सि.नं | साबिकको योजनाको नाम | वडा नं. | वार्षिक बजेट रू. | संशोधन भई कायम भएको योजनाको नाम | वार्षिक बजेट रू. |
|---|---|---|---|---|---|
| ८ | खोप केन्द्र भवन निर्माण । | ८ | ६००००० | खोप केन्द्र निर्माण तथा स्तरोन्नती। | ६००००० |
| ९ | मसुरपाटा खेल मैदानमा ट्रस तथा प्रतिक्षालय निर्माण, निर्माणाधिन सार्वजनिक शौचालय पूर्णता र अर्घामैदानमा रेलिङ । | ९ | १२५०००० | मसुरपाटा खेल मैदानमा ट्रस तथा प्रतिक्षालय (ट्रि हाउस) निर्माण, निर्माणाधिन सार्वजनिक शौचालय पूर्णता र अर्घा मैदानमा रेलिङ। | १२५०००० |
| १० | फलेपत पार्क तारबार, नौलापानी चपरूङ फलेपत खा. पा. मो.बा. नाली तथा वाल निर्माण। | ९ | ७००००० | फलेपत पार्क तारबार, नौलापानी चपरूङ फलेपत खा. पा. मो.बा., गो.बा. नाली तथा वाल निर्माण । | ७००००० |
| ११ | खोप केन्द्र भवन निर्माण । | १० | ६००००० | खोप केन्द्र निर्माण तथा स्तरोन्नती । | ६००००० |
| १२ | डाँडा पुस्करको बारी र टाकुरा बिच बाटोमा वाल तथा ढलाई तथा सडक स्तरोन्नति (रू ५ लाख र भाट क्षेत्रीहरूको कुल्यान मन्दिर जाने सिढी निर्माण रू १ लाख) सनपा १० । | १० | ६००००० | डाँडा पुस्करको बारी र टाकुरा बिच बाटोमा वाल तथा ढलाई तथा सडक स्तरोन्नतिसनपा १० । | ५००००० |
| १३ | खहरा, वराप गो.बा. पोखेडाँडा मो. बा.झाँक्री सल्ला, सालाका रूख ट्रस तथा वराप मन्दिर संरक्षण र भाट क्षेत्रीहरूको कुल्यान मन्दिर जाने सिढी निर्माण । | १० | ७७०००० | खहरा, वराप गो. बा., पोखेडाँडा मो. बा. झाँक्री सल्ला, सालाका रूख ट्रस तथा वराप मन्दिर संरक्षण । | ८७०००० |
| १४ | खोप केन्द्र भवन निर्माण । | ११ | ६००००० | खोप केन्द्र निर्माण तथा स्तरोन्नती । | ६००००० |
| | जम्मा | | ९६२०००० | जम्मा | ९६२०००० |

५.८ लुम्बिनी प्रदेश सरकार को मिति २०८१/१२/२० को निर्णयानुसार २०८१ साल बैशाख १ गतेदेखि चैत्र मसान्तसम्म लुम्बिनी प्रदेशमा थप सार्वजनिक एवम् पर्व विदा दिने विषयमा सार्वजनिक सूचना जारी गरेको र सोही सूचनाको सि.नं ४ मा स्थानीय तहको आवश्यकतालाई मध्यनजर गरी स्थानीय तहको निर्णय बाट सम्बन्धित स्थानीय तहभर १ दिन सार्वजनिक विदा दिने व्यस्था गरेको र सो सूचनालाई आधार लिइ मिति २०८१/०५/१९ मा नगर प्रमुख स्तरीय निर्णयबाट मिति २०८१/५/२३ गते ऋषि पञ्चमीको दिन नगर कार्यपालिका बैठकबाट अनुमोदन गर्ने गरी नगर क्षेत्र भित्र गरेको सार्वजनिक विदाको निर्णय मनासिब देखिएकोले उक्त निर्णय अनुमोदन गर्ने ।



प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

५.९ चालु आ.व.२०८१/८२ मा लुम्बिनी प्रदेश सरकार पर्यटन तथा यातायात मन्त्रालय पर्यटन डिभिजन कार्यालय, रूपन्देहीको वार्षिक स्वीकृत योजनाहरू मध्ये देहायका क्रियाकलाप नं र योजनाको नाम फरक पर्न गएको देखिएकोले उल्लिखित योजनाहरू देहाय वमोजिम संशोधन गरी कार्यान्वयन गर्न पर्यटन डिभिजन कार्यालय, रूपन्देहीमा लेखी पठाउने निर्णय गरियो ।

तपसिल

| साबिकको क्रम संख्या | साबिकको क्रियाकलाप नं. र योजनको नाम | संशोधन भई कायम हुने क्रियाकलाप नं र नाम |
|---|---|---|
| ६ | ११.४.२२.९६०-नरपानी हिल स्टेशन पूर्वधार निर्माण सन्धिखर्क ६, अर्घाखाँची। | ११.४.२२.९६०-नरपानी हिल स्टेशन पिक्निक स्पट सौन्दर्यकरण पूर्वधार निर्माण सन्धिखर्क ६, अर्घाखाँची । |
| ८ | ११.४.२२.१४३५ तुम्कोट कालिका मन्दिर ट्रष्ट निर्माण सन्धिखर्क, १ अर्घाखाँची । | ११.४.२२.१४३५ तुम्कोट कालिका भगवती मन्दिरको स्वामित्वमा रहेको सामुदायिक भवनको पूर्णता तुम्कोट सन्धिखर्क, १ अर्घाखाँची । |
| ९ | ११.४.२२.७८१ ऐतिहासिक खाँचीकोट दरबार क्षेत्रभित्र हिलस्टेशन पार्क तथा सूचना केन्द्र निर्माण सन्धिखर्क,७ अर्घाखाँची। | ११.४.२२.७८१ऐतिहासिक हिलस्टेशन पार्क तथा सूचना केन्द्र निर्माण सन्धिखर्क, ७ अर्घाखाँची। |
| १४ | ११.४.२२.१४३०- मसिना लेख पर्यटकीय पूर्वाधार सिडी रेलिङ् निर्माण सन्धिखर्क -६ अर्घाखाँची । | ११.४.२२.१४३०- मसिना लेख पर्यटकीय पूर्वाधार सिडी रेलिङ् निर्माण सन्धिखर्क, ७ अर्घाखाँची । |
| २१ | ११.४.२२.१४३३- खुल्ला व्यामशाला निर्माण, सन्धिखर्क १ शान्ति नगर अर्घाखाँची। | ११.४.२२.१४३३- व्याम उपकरण सप्लाई तथा फिटिङ् शान्ती बगैंचा सन्धिखर्क,१ अर्घाखाँची । |

५.१० डिभिजन वन कार्यालय अर्घाखाँचीको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत गच्छेघाट र मथुराघाटमा घाट निर्माण गर्ने योजना रहेकोले उक्त योजनामा सन्धिखर्क नगरपालिकाको तर्फबाट सन्धिखर्क नगरपालिकाको आ.व. २०८१/८२ वार्षिक नगर विकास योजनामा अन्य म्याचिङ् शीर्षकमा विनियोजित रकमबाट देहाय बमोजिम रकम म्याचिङ् गर्ने,

तपसिल

५.१०.१ गच्छे घाट निर्माण रु ७५ (पच्चीस) हजार

५.१०.२ मथुरा घाट निर्माण रु ३० (तिस) हजार ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

५.११ आ.व. २०८१/८२ को वार्षिक नगर विकास योजनाको पेज नम्बर ७३ र ७८ को खर्च संङ्केत नम्बर र सि.नं ९ मा देहाय बमोजिम रकम विनियोजन भएकोले उल्लिखित विनियोजित रकममा संशोधन गरी तपसिलमा उल्लिखित शीर्षकमा खर्च गर्ने र उक्त निर्णय आगामी नगर सभामा अनुमोदनका लागि पेस गर्ने ।

तपसिल

| खर्च सङ्केत नम्बर | खर्च शीर्षक | विनियोजित रकम | संशोधन हुने रकम घट रकम | संशोधन पश्चात् कायम हुने वार्षिक रकम | खर्च शीर्षक गत वर्षको भुक्तानी हुन बाँकी पूँजीगत | गत वर्षको भुक्तानी गर्न चालु |
|---|---|---|---|---|---|---|
| २११४२ | पदाधिकारी सुविधा | १४०००००० | ८००००० | १३२००००० | | १२००००० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | २८००००० | ४००००० | २४००००० | | |
| - | विपद् व्यवस्थापन कोष | ६०००००० | २०००००० | ४०००००० | २०००००० | |

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख